# भोटेकोशी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

फुलपिङकट्टी, सिन्धुपाल्चोक

पत्र संख्या: २०८२/०८३

चलानी नं:

बागमती प्रदेश ,नेपाल

मितिः २०८२/०९/२२

**विषयः बाबु आमा बिहिन बालबालिका संरक्षण कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२२**

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, हेटौंडाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका भित्रका बाबुआमा दुवैको मृत्यु वा दुवै बेपत्ता भएका १८ वर्ष उमेर पूरा नगरेका बालबालिकाको मासिक रुपमा भत्ता उपलब्ध गराउने कार्यक्रम भएकोले तपसिलमा उल्लेखित कागतजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मितिः२०८२/१०/०६) गते यस कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

**१. भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यताः**

- बाबुआमा दुवैको मृत्यु भएको,
- १८ वर्ष उमेर पूरा नभएको,
- ५ वर्ष उमेर पूरा भएका बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैरकानुनी वा अपराधिक क्रियाकलापमा संलग्न नरहेको,

**२. आवेदनको साथमा संलग्न गर्नुपर्ने कागतजातः**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ( नेपाली नागरिकता बनेको भए नागरिकताको प्रतिलिपि)
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि ,
- विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र(पाँच वर्ष उमेर पूरा गरेका बालबालिकाको हकमा मात्र )
- सम्बन्धित व्यक्ति बालबालिकाको संरक्षक हो भन्ने सम्बन्धित वडाको सिफारिस पत्र,
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(द्रष्टव्यः अघिल्लो वर्षहरुमा सहयोग पाइरहेका बालबालिकाहरुले समेत पुनः यो सूचना बमोजिम निवेदन पेश गर्नु पर्नेछ।)

बोधार्थः श्री सूचना प्रविधि अधिकृत , भोटेकोशी गाउँपालिका।

दीपक दाहाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner